आज मिति २०७७/०८/३०  गते भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरत बहादुर के.सी.ज्यूको  अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६२ औं+ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत  .......................नगर उप प्रमुख

श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ...................  वडा अध्यक्ष भी.न.पा.  २

श्री हरिसरण  शिवाकोटी .........     वडा अध्यक्ष भी.न.पा.  ३

श्री हरिवंश चौलागाई .................  वडा अध्यक्ष भी.न.पा.  ४

श्री रामचन्द्र बस्नेत ................     वडा अध्यक्ष भी.न.पा.  ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा.  ६

श्री कैलाश कुमार श्रेष्ठ ...............  वडा अध्यक्ष भी.न.पा.  ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा.  ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा.  ९

श्री लालकृष्ण  थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके......................    .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम .....................    .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल ..................   कार्यपालिका सदस्य,

श्री गौरी थामी ..........................   कार्यपालिका सदस्य,

श्री मन्जु  बिश्वकर्मा ............       कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ .........................   कार्यपालिका सदस्य,

श्री किरण वली.....................     .  कार्यपालिका सदस्य,

श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

मिति: २०७७/०८ /३० गते
समय: बिहान ११: :३० बजे
स्थान : महांकाल सदन

**नगर कार्यपालिकाको ६२ औ बैठकका निर्णयहरु :**

**निर्णय नं. १ :-** यस नगरपालिकाद्वारा चालु आ.व.०७७/७८ मा सञ्चालित वडास्तारीय आयोजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति समीक्षा गरियो । सञ्चालित आयोजना तथा कार्यक्रमहरु यथासक्य छिटो सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :-** यस नगरपालिकाद्वारा चालु आ.व.०७७/७८ मा सञ्चालित लागत सहभागितामा सञ्चालान गरिने आयोजनाहरुमा नगरपालिकाको अनुदान ५०% र उपभोक्ता समितिको लागत सहभागिता ५०% कायम गर्ने र उक्त कार्यक्रम सञ्चालान गर्न इच्छुक वडाहरुले मिति २०७७ पौष मसान्त भित्र लागत सहभागिताको सुनिश्चितता सहित योजना छनौट तथा उपभोक्ता समित गठन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३:-** निर्वाचनक्षेत्र पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत दोलखा जिल्लाबाट निर्वाचित हुने सांसदहरुबाट चालु आ.ब. २०७७/७८ मा यस नगरपालिका क्षेत्रभित्र सञ्चालान हुने आयोजाना सम्बन्धमा जानकारी प्राप्त भई उक्त आयोजाना समयमै सम्पन्न गर्न सक्रिय सयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-** यस नगरपालिकाको शहरी क्षेत्र वडा नं. २,४,६ का करिब २००० घरधुरीलाई समेट्ने गरी निर्माण हुने चरिकोट डिवाट्स आयोजना (लागत करिब रु ९१,५१,३६,४०२.६९ ) नेपाल सरकारको ८५% अनुदान र स्थानीय तहले व्यहोर्ने १५% कार्यान्वयन गर्ने सम्बन्धमा खानेपानी तथा ढल निकास विभाग,सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना र भीमेश्वर नगरपालिका बीच हुने आयोजना कार्यान्वयन सहमति पत्र तथा वित्तीय सम्झौता पत्रमा हस्ताक्षर गर्न यस नगरपालिकाका नगर प्रमुख श्री भारत बहादुर के.सी.लाई अधिकार प्रत्यायोजन गर्ने र उक्त आयोजनाको लागि आवश्यक रकम जुटाउन सरोकारवाला निकाय र जनतासंग पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** यस नगरपालिका वडा नं. ३ चरिकोटमा निर्माण हुने १५ शैयाको अस्पताल भवनको सम्बन्धमा विबिध कारणले स्पष्ट हुन नसकी रहेकोमा हाल नेपाल सरकारले निर्धारण गरेको p1 Type को भवन निर्माण गर्न भौगोलिक बनौट अनुसारको Lay Out र सोहि बमोजिमको Stractural Design लगायतका कार्य गर्नुपर्ने भएकोले उक्त कार्य यथासक्य छिटो सम्पन्न गरी बहुबर्षीय योजनामा राखी टेन्डर प्रक्रियाद्वारा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** सङ्घीय सरकारद्वारा सशर्त अनुदान अन्तर्गत कोभिड अस्पताल निर्माणको लागि रु १०,००,०००/- यस नगरपालिकालाई प्राप्त भएकोमा यस नगरपालिकाद्वारा आफ्नै श्रोतबाट कोभिड अस्पतालाका भौतिक सामाग्रीहरु ब्यबस्थापन गरिसकेकोले प्राप्त रकमबाट रु ५,००,०००/-(पांचलाख) बराबरको रिएजेंट लगायतका सामाग्री खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** यस नगरपालिकाको ८ औ नगर सभा यहि मिति २०७७ सान पौष २७ गते दिनको ११: ३० बजे भीमेश्वर सदनमा बस्ने गरी अव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :-** भीमेश्वर नगरपालिकाको नगर गौरवको योजना **चरिकोट टुडिखेल रंगशालामा निर्माण**को कार्य प्रारम्भ भैसकेको छ। उक्त आधुनिक रंगशाला निर्माणको लागि अतिआवश्यक रहेको टुडिखेलको पुर्व तर्फको कि.नं. २५५२ क्षत्रफल ००,५७८ ब.मि. भएको दोलखा मालपोत कार्यालयको

नाममा रहेको र टुडिखेलको उत्तरपुर्वमा पर्ने साविक कृषि सामाग्री सस्था, हाल कृषि सामाग्री कम्पनीको नाममा रहेको साबिक चरिकोट १, हाल भीमेश्वर नगरपालिका ३ को कि. नं. २५३८ क्षेत्रफल ०,११३३ ब.मी. भएको जग्गा र त्यसमा रहेको टहरा समेत चरिकोट टुडिखेल रंगशाला निर्माणको लागि अत्यावश्यक भएकोले कृषि सामाग्री कम्पनी र मालपोत कार्यालय दोलखालाई प्रचलित नेपाल कानून बमोजिमको मुआब्जा यस नगरपालिकाले उपलब्ध गराउने गरी जग्गा प्राप्ति ऐन २०३४ (नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७५) को दफा(३क) बमोजिम उपलब्ध गराई दिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं.९:-** चालु आर्थिक बर्षमा यस जिल्लाबाट प्रतिनिधि सभा र बागमती प्रदेश सभामा प्रतिनिधत्व गर्नुहुने माननीय सांसदज्यूहरुबाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत पूर्वाधार निर्माणका लागि विनियोजित बजेट रु १,५०,००,०००/-(एक करोड पचासलाख) बाट चरिकोट अस्पतालमा पिसिआर जाँचसुबिधा सहितको प्रयोगशाला बिस्तार गर्ने निर्णय गरियो

**निर्णय नं.१०:-** यस नगरपालिकाको स्थानीय बजार ब्यबस्थापन तथा अनुगमन ऐन २०७७, को दफा २१ (ख) बमोजिम स्थानीय बजार अनुगमनको लागि नगर सभा सदस्य श्री तेज खातीलाई समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

## बिबिध

(क ) नगरपालिका क्षेत्रमा सूचना प्रविधिको सरल तथा भरपर्दो सेवाका लागि यस नगरपालिका क्षेत्रभित्र Optical Fiber सहितको इन्टरनेट सेवा 4G मोबाईल सेवा सञ्चालान गरिदिन सञ्चार तथा सूचना मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

(ख) UNDP को आर्थिक सहयोग तथा तयार नेपाल र ग्रामीण बिकास टुकी संघको प्राबिधिक सहयोगमा सञ्चालित विपद ब्यबस्थापन लक्षित कार्यक्रम, मोटरसाईकल मर्मत र च्याउखेती तालिम कार्यक्रममा ९ वटै वडाबाट सिफारिस भई आएका सहभागीहरु छनौट गर्ने निर्णय गरियो

(ग) भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रममा लोक सेवा आयोग कक्षा सञ्चालनको लागि बजेट रु २००,०००/- विनियोजन भएको छ। बागमती प्रदेश लोकसेवा आयोगबाट विभिन्न पदको लागि दरखास्त आब्हान गरिसकेको सन्दर्भमा चौथो तहको परीक्षालाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गर्न दीपज्योति समाज सुधार संस्थाबाट कम्तीमा १० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी प्रस्ताव पेश भइ आएको हुँदा प्रस्ताव पत्र बमोजिम कार्यक्रम सञ्चालनको लागि उक्त प्रस्ताव स्विकृत गरी रु २,००,०००/ (दुई लाख) रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

(घ) आ.व. २०७७/०७८ का लागि नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सशर्त अनुदानमा नयाँ बहुउद्देसीय नर्सरी स्थापना कार्यक्रम सञ्चालनको लागि रु २ लाख प्राप्त भएको छ ।उक्त रकमको कार्यान्वयन गर्न भीमेश्वर नगरपालिका वडा नं ४ स्थित नवजागरण कृषक समुहको प्रस्तव पत्र परेकोले उक्त रकमबाट सेड हाउस निर्माण, कृषि औजार उपकरण खरीद र विभिन्न जातको विरुवा (कफि,टिम्वुर, एभोक्याडो) उत्पादन कार्यक्रम कार्यान्वयन गर्ने निणर्य गरीयो ।

(ङ) भीमेश्वर नगरपालिका वडा नं. ५ जमजोत्ता टोलमा खानेपानी मर्मतका लागि सहयोग माग भई आएकोले एकघर एकधारा कार्यक्रमबाट प्राबिधिक लागत ईस्टिमेट गरी रु १,००,०००/- (एकलाख ) उपलब्ध गराउने ।

(च) यस नगरपालिका वडा नं. ६ स्तिथ रक्तकाली मन्दिर निर्माण भई रहेको र उक्त मन्दिरमा जाने भक्तजनहरुको सुविधाका लागि रामजानकी – जलेश्वर मन्दिर मार्गमा पर्ने ठाडो बाटो निर्माणका लागि

वडा नं. ६ बाट सिफारिस भई आएकोले प्राबिधिक ईष्टिमेट गराई साँस्कृतिक सम्पदा संरक्षण शीर्षकबाट रु ७५,०००/-(पचहत्तर हजार मात्र ) उपलब्ध गराउने ।

(छ) यस नगरपालिका वडा नं. २ स्थित श्री सिद्धि गणेश बंगुर तथा पशुपन्छी फार्मलाई गोठ सुधार कार्यको लागि वडा कार्यालयबाट सिफारिस भई आएकोले प्राबिधिक ईष्टिमेट गराई जनतासंग मेयर कार्यक्रमबाट रु ५०,०००/-(पचासहजार ) उपलब्ध गराउने ।